# नेपालः युद्ध अपराधका आरोपीको बढुवा, न्यायको उपहास

## मन्त्री परिषदको निर्णयले दण्डहीनता मजबुत

## (न्यूयोर्क अक्टुबर ६, २०१२)

युद्ध अपराधमा संलग्न भएको आरोपी नेपाली सेनाका महासेनानी राजु बस्नेतलाई सहायक रथीमा बढुवा गर्ने गरी भएको अक्टोबर ४, २०१२ को मन्त्री परिषदको निर्णयले नेपालको गृहयुद्धका पीडितहरु माथी गम्भीर चोट पुग्न गएको छ, हयुमन राइटस् वाच, एमनेस्टी इन्टरनेशनल र आइसीजेले भन्यो ।

संयुक्त राष्ट्रसंघ तथा राष्ट्रिय मानव अधिकार आयोगले प्रमुख सेनानी राजु बस्नेत गणपति भएको काठमाडौं स्थिती भैरवनाथ गणमा सन् २००३ मा व्यवस्थित ढंगले बलपूर्वक बेपत्ता बनाउने तथा यातनाका घटनामा निजको संलग्नता रहेको विश्वसनीय प्रमाण संकलन गरेको थियो । सोही प्रमाणको आधारमा नेपालको सर्वोच्च अदालतले सन् २००७ मा यी मानव अधिकारको गम्भीर उल्लंघनको घटनामा स्वतन्त्र अनुसन्धान तथा अभियोजनको लागि आदेश गरेको थियो र सो आदेश निज बस्नेतले व्यक्तिगत रुपमा यातना दिएको आरोपका हकमा समेत लागू हुन्छ ।

"नेपालको मन्त्री परिषदको उक्त निर्णयले सिपाहीहरुद्वारा गरिएको उल्लंघनमा निजहरुलाई जवाफदेही बनाउने सम्पूर्ण ढोकाहरु बन्द गरेको छ" हयुमन राइट्स् वाचका एशिया निर्देशक ब्राड एडम्सले भन्नुभयो । "यस्तो अन्यायपूर्ण र निराशावादी निर्णयले एकातिर मानव अधिकारको सम्मानमा चुनौती खडा भएको छ भने अर्कोतिर युद्धकालमा भएका अपराधमा दोषी देखिएकालाई जवाफदेही बनाउने सम्बन्धमा अन्तराष्ट्रिय समुदायसंग नेपालले गरेको प्रतिवद्धता समेतको विपरित छ ।"

बस्नेतको बढुवा एकिकृत नेपाल कम्युनिष्ट पाटी माओवादी (एनेकपा माओवादी) को नेतृत्वमा रहेको सरकारले गरेको हो । युद्धको समयमा एनेकपा माओवादी आफै यातना, बलपूर्वक बेपत्ता तथा गैरकानूनी हत्या जस्ता कार्यमा संलग्न भएतापनि सो समयमा भएका मानव अधिकार उल्लंघनका घटनाको सम्बन्धमा जवाफ दिन परेको छैन । सन् २००५ मा भएको गैरकानूनी हत्यामा संलग्न भएको आरोपमा अदालतको आदेशद्धारा अनुसन्धानको क्रममा रहेका एनेकपा माओवादीका सदस्य अग्नी सापकोटा मन्त्री परिषदमा नियुक्त भएका थिए ।

"वर्षौदेखिको वाचाका वावजुद, एनेकपा माओवादी र सेना दुवै फौजदारी कार्य प्रतिको जवाफदेहीता तथा पीडितको सत्य, न्याय र परिपूरणको अधिकारको विरुद्ध एकवद्ध भएर लागेको देखिन्छ" एम्नेस्टी इन्टरनेशनलका दक्षिण एशियाली निर्देशक पोली ट्रकसटले भन्नु भयो ।

मानव अधिकार तथा मानवीय कानूनको गम्भीर उल्लंघनका घटनाको अनुसन्धान गरी दोषीलाई अभियोजन गर्ने दायित्व अन्तराष्ट्रिय कानूनहरुले नेपाललाई प्रदान गर्दछ । उक्त अन्तराष्ट्रिय कानूनको दायित्व वहन गर्न नेपालले मानव अधिकारको गम्भीर उल्लंघनमा संलग्न अधिकारीहरुलाई कानूनी प्रकृया अवलम्वन गरेर अनुसन्धान तथा छानवीन समाप्त नभएसम्म पदबाट हटाइनु तथा निलम्बन गरिनु पर्दछ ।

नेपालको सर्वोच्च अदालतले गत अगस्ट महिनामा गरेको फैसलामा उच्च तहको सुरक्षा अधिकारीहरुको नियुक्ती तथा बढुवा गर्नु भन्दा अगाडी भेटिङ गर्न उपयुक्त कानून तथा निर्देशिका बनाउनको लागि सरकारलाई निर्देशन समेत दिएको थियो ।

आइसीजेका एशिया निर्देशक साम जारिफीले भन्नु भयो "राजु बस्नेतको बढुवाले न्याय तथा जवाफदेहीताको इन्कारी सरकारको आधारभूत नीतिमा परिणत भएको छ ।" "यो निर्णयले नेपालको वर्तमान सरकार कानुनको शासन, सर्वोच्च अदालतको निर्णय तथा वास्तवमै आफ्ना नागरिकहरको चाहनाहरुको समेत वास्ता गर्दैन भन्ने स्पष्ट देखाउँछ । यो बढुवाले सबै मानव अधिकार उल्लंघनकर्ताको लागि शक्तिले न्याय मार्छ भन्ने कुरा संकेत गर्दछ "

मानव अधिकार समूह नेपाल सरकारलाई आफ्नो यो निर्णय बदर गर्न दवाब दिन अन्तराष्ट्रिय समुदायसंग अपिल गर्दछ ।

"नेपालको नागरिक समाज संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तराष्ट्रिय समुदायको सहयोगमा न्याय तथा जवाफदेहीताको प्रवर्द्धनको लागि वर्षैदेखि लागि परेको छ" एडम्सले भन्नु भयो । "महासेनानी राजु बस्नेतको बढुवाको निर्णय गरेर नेपाल सरकारले आफु त्यो उद्देश्यको लागि प्रतिवद्ध नभएको कुरा नेपाली जनाता तथा देशको अन्तराष्टिय सहयोगकर्ताहरुलाई स्पष्ट रुपमा संकेत गरेको छ । "

**For more information, please contact:**

In San Francisco, for Human Rights Watch, Brad Adams (English): +1-510-926-8443 (mobile); or adamsb@hrw.org

In The Hague, for Human Rights Watch, Tejshree Thapa (Nepali, English): +31-70-306-3817; or +31-6-553-554-63 (mobile); or thapat@hrw.org

In Mumbai, for Human Rights Watch, Meenakshi Ganguly (English, Hindi): +91-98-20-036032 (mobile); or gangulm@hrw.org

In Kathmandu, for ICJ, Govinda Sharma: +977-985-106-1167

In Bangkok, for ICJ Asia-Pacific, Sam Zarifi: +66-807-819-002

In London, for Amnesty International, Polly Truscott: +44-7432-633-675